फोन नं.- ०३१५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कल्याणपुर,सप्तरी
## प्रदेश नं. २,नेपाल

पत्र संख्या : ०७६।०७७

**अत्यन्त जरुरी सूचना**
**तेस्रो पटक प्रकाशित**
**मिति २०७६/०५/१६**

**आ.व.२०७६/०७७ को हटिया/पोखरी ठेक्का सम्बन्धी सिलवन्दी दरभाउ आह्वानको सूचना !**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको निर्णयानुसार नगरपालिकाको आन्तरिक स्रोत वृद्धिको लागि निम्नानुसारको हटिया तथा पोखरीहरु ठेक्का लगाउनु पर्ने भएकोले तपसिलको शर्तहरुको अधिनमा रही इच्छुक व्यक्ति/संस्थाहरुबाट रित पुर्वक सिलवन्दी दरभाउ पत्र आह्वानको लागि यो १५ दिने सुचना प्रकाशन गरिएको छ ।

**निम्न**

| सि.नं | विवरण | ठेगाना | न्युनतम कबोल अंक रु. | फारम दस्तुर | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कन्चिरा हटिया | खडक न.पा.-३ | १२,०००।- | ५००।- | आ.व.२०७६/७७ सम्म | |
| २ | खरचुहिया बजारको गुदरी हटिया | खडक न.पा.-५ | ९०,०००।- | ५००।- | आ.व.२०७६/७७ सम्म | |
| ३ | कल्याणपुर हटिया, कल्याणपुर | खडक न.पा.-७ | २,४०,०००।- | ५००।- | आ.व.२०७६/७७ सम्म | |
| ४ | विद्यापति हटिया, बनौली | खडक न.पा.-११ | २०,०००।०० | ५००।- | आ.व.२०७६/७७ सम्म | |
| ५ | अखडाहा भन्ने गोसाई पोखरी र लबकी पोखरी फुलवडिया संयुक्त | खडक न.पा. १० | ५,००,०००।- | ५००।- | आ.व.२०७६/७७ देखि २०७८/७९सम्म | |

**नियम तथा शर्तहरु :**

१.फारम दस्तुर हटियाको लागि रु. ५००।- (पछि फिर्ता नहुने गरी) नगद बुझाउनु पर्नेछ । फारम खडक न.पा. को राजस्व शाखा बाट उपलब्ध हुनेछ ।

२. सिलबन्दी दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति २०७६।०५।३० गते सोमवार कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. सिलबन्दी दरभाउ पत्र मिति २०७६।०५।३१ गते मंगलवार समय दिनको १:०० बजे खोलिने छ ।

४.कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फारम स्वत: रद्ध हुनेछ ।

५. एक ठेक्कामा कम्तीमा ३ जना व्यक्ति वा संस्थाको सिलबन्दी परेको हुनु पर्ने हुन्छ ।

६. हटियाको दर रेट साविक बमोजिम हुनेछ र सो ठेक्कामा गुदरी हाट समेत पर्नेछ ।

७. सिलबन्दि दरभाउ पेश गर्दा आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशतले हुन आउने रकम यस न.पा.को राष्ट्रिय बाणिज्य बैंक राजविराज स्थित बैंक हिसाव नं.२१८०३०३००७१०५ मा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकताको प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ ।

८.ठेक्का स्वीकृत भएको मितिले सात दिन भित्र एकमुष्टरकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिइनेछ । यदि एकमुष्ट रकम नबुझाएमा पहिलो किस्ता ४० प्रतिशत, दोस्रो किस्ता ३० प्रतिशत र तेस्रो किस्ता ३० प्रतिशत भुक्तानी गर्नु पर्नेछ । धरौटी वापतको रकम ठेक्कदारले भुक्तान गर्नु पर्ने सम्पुर्ण रकम भुक्तानी गरी सकेपछि र ठेक्काको अवधि समाप्त भै सकेपछि फिर्ता गरिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

फोन नं.- ०३१५४००५४

खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
प्रदेश नं. २ नेपाल

पत्र संख्या : ०७६।०७७

९.एकमुष्ट वा प्रथम किस्ता वापतको ४० प्रतिशत रकम सात दिन भित्र बुझाई चलान पुर्जा लिनु पर्नेछ । नबुझाएमा नियमानुसार सिलबन्दी परेका अन्य व्यक्ति वा संस्थाहरुलाई नियमानुसार ठेक्का दिइनेछ ।

१०.कर पुर्जा अनिवार्य लागु गर्नु पर्ने छ । र पुर्जा रसिद ठेकेदार स्वयंमले नै छपाउनु पर्नेछ ।

११.कर बापत हटियामा जिन्सी सामान उठाउन पाईने छैन ।

१२.दोश्रो पक्षले कार्यक्रम सञ्चालन सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार गर्नु पर्नेछ ।

१३.कबोल अंक स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले राष्ट्रिय बाणिज्य बैंक राजविराज सप्तरी स्थित यस कार्यालयको संचित कोष खाता नं.२१८०३०४०१८१०५ मा नगद कबोल रकम जम्मा गर्नुपर्ने छ ।

१४.ठेकेदारले सम्झौताको शर्त र नियम प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा न.पा.को प्रत्यक्ष निति निर्देशनमा रही सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै समयमा न.पा.ले एक तर्फी सम्झौता भङ्ग गरी वैकल्पिक व्यवस्था गर्न सक्नेछ । सो निर्णय उपर कहीं कतै उजुर वाजुर लाग्ने छैन ।

१५.ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।

१६.साविक गा.वि.स. पेश्की बाँकी, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले वक्यौता रकम चालु आ.व.२०७५/७६ को समेत यस न.पा.मा नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन ।

१७.ठेक्का बन्दोवस्त भई रहेको अवस्थामा रहेका पोखरी र हटियाको अवस्थामा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन् साथै पोखरीहरु सामान्य मर्मत संभार गर्नु परे ठेक्केदार स्वयंमले गर्नुपर्ने र सामान्य मर्मत संभारको रकम न.पा.मा दावि गर्न पाईने छैन ।

१८.ठेक्का बन्दोवस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम ठेक्केदार नै हुनुपर्ने र सो को कबोल गरेको रकममा मिन्हा हुने छैन ।

१९.एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको सिलवन्दी दरभाउ फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

२०.हटिया ठेक्का/पोखरी ठेक्का सम्बन्धी अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

०७६।१२।१५

..............................
इन्द्र देव यादव
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत